सिंजा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: संख्या: मितिः २०८०/../..

## भाग

सिंजा गाउँपालिका

# स्थानीय पूर्वाधार योजना मर्मत सम्भार सम्बन्धि कार्यविधि, २०८०

### प्रस्तावना

सिंजा गाउँपालिका भौगोलिक क्षेत्र मातहत भित्र निर्माण हुने, निर्माणका क्रममा रहेका र निर्माण सम्पन्न भईसकेका विभिन्न पूर्वाधार योजना वा परियोजनाहरुलाई दिगो रुपमा सञ्चालन गर्न र सो योजना वा परियोजनबाट प्राप्त हुने लाभहरुलाई निरन्तर रुपमा हासिल गर्न कनकासुन्दरी गाउँपालिकाको स्थानीय पूर्वाधार मर्मत सम्भार सम्बन्धि कार्यविधि बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा १ र २ तथा सिंजा गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४ को दफा ३१ बमोजिम सिंजा गाउँपालिकाले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो कार्यविधिको नाम "स्थानीय पूर्वाधार योजना मर्मत सम्भार सम्बन्धि कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्विकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सिंजा गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४ पर्दछ ।

ख) "पूर्वाधार योजना" भन्नाले संजा गाउँपालिका वा सो अन्तर्गतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित पूर्वाधार योजना, कार्यक्रम वा परियोजना सम्झनु पर्दछ र यसले संजा गाउँपालिका गाउँ सभाबाट सुचिकृत भएको गैर सरकारी, सरकारी संघ संस्था र गैर नाफामुलक संस्था वा अन्य सामुदायिक संस्थाहरु एवं विकास साझेदारहरुको सहयोगमा निर्माण सम्पन्न भएका वा हुने पूर्वाधार आयोजनाहरु समेतलाई जनाउने छ ।

ग) "उपभोक्ता" भन्नाले पूर्वाधार योजना वा परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने पूर्वाधार आयोजना सञ्चालन हुने क्षेत्र भित्रका स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने व्यक्ति सम्झनु पर्छ ।

घ) "उपभोक्ता समिति" भन्नाले पूर्वाधार योजना वा परियोजनाबाट योजना तर्जुमा, योजना वा परियोजना कार्यान्वयन तथा सञ्चालन, व्यवस्थापन, रेखदेख र मर्मत सम्भार गर्नका लागि उपभोक्ताहरुले आफुहरु मध्येवाट गठन गरेको समिति सम्झनु पर्दछ ।

ङ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

च) "कोष" भन्नाले दफा १२ बमोजिमको मर्मत सम्भार कोष सम्झनु पर्छ ।

छ) "मर्मत सम्भार" भन्नाले निर्माण सम्पन्न भएका वा निर्माणाधिन अवस्थामा रहेका पूर्वाधार योजना वा परियोजनाहरुको मर्मत सम्भार सम्झनु पर्छ ।

ज) "वडा" भन्नाले संजा गाउँपालिकाको वडा सम्झनु पर्छ । (स्थानीय सरकार संचालन ऐन, २०७४, परिच्छेद-२, दफा-५ को उप-दफा १ र २ अनुसारका वडा) ।

झ) "संरक्षण समिति/मर्मत संभार समिति" भन्नाले सार्वजनिक खरिद सम्बन्धि प्रचलित कानुन बमोजिम निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न हुने पूर्वाधार योजना वा परियोजनाको मापदण्ड अनुरुपको गुणस्तर कायम गर्न तथा निर्माण सम्पन्न पश्चात सो योजना वा परियोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भार गर्न पूर्वाधार योजना वा परियोजनाका लाभग्राहीहरु मध्येबाट गठन भएको समिति सम्झनु पर्छ ।

ञ) "सम्झौता" भन्नाले पूर्वाधार योजना वा परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यपालिका र निर्माण व्यवसायी वा उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामा सम्झनु पर्छ ।

३. **कार्यविधिको पालना गर्नु पर्ने** : सिंजा गाउँपालिका भित्र निर्माण भएका वा निर्माण हुने पूर्वाधार योजना वा परियोजनाहरुको निर्माण, सञ्चालन, तथा मर्मत सम्भार कार्यको लागि गठित उपभोक्ता समिति वा संरक्षण समिति, तथा गाउँपालिकासँग सहकार्य गर्ने निर्माण व्यवसायी, संघ, विकास साझेदारहरु तथा पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने सबै सरोकारवालाहरुले यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

## परिच्छेद –२

## कार्यविधिको औचित्य, उद्देश्य र मर्मत सम्भार कार्य सञ्चालन प्रक्रिया

४. **कार्यविधिको औचित्य :** दिगो तथा भरपर्दो समुदायमा आधारीत पूर्वाधार विकासले समुदायमा निरन्तर प्रतिफल दिन्छ । यसको जिवन्तताका लागी निर्माण भएका योजना वा परियोजनाको नियमित मर्मत तथा सम्भार समय सापेक्ष एवं आवश्यकता अनुसार नहुदा संचालनका पक्षहरुमा गम्भिर समस्याहरु भोगिरहनु परेको बिद्यमान परिवेशमा योजना वा परियोजना निर्माण सम्पन्न भए पछि दिगोरुपमा कसरी संचालित भईरहन सक्छ भन्ने कुरा नियमन नभएकाले मर्मत सम्भार कार्यलाई ऐच्छिक व्यवस्थाको रुपमा लक्षित वर्गले अंगिकार गर्दा विगत देखि वर्तमान सम्म निर्माण भई सञ्चालनमा रहेका योजना वा परियोजनाहरु दिर्घकालिन रुपमा उपलब्धिमुलक हुन सकिरहेका छैनन् । यस अवस्थालाई मध्यनजर गरी भौतिक पूर्वाधार निर्माण पश्चातको मर्मत तथा सम्भार कोषको प्रबन्ध एवं मर्मत सम्भार कार्यलाई निरन्तरता दिन नेपाल सरकार कर्णाली प्रदेश, सिंजा गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ र २ तथा सिंजा गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ को दफा ३१ ले प्रदत्त अधिकार प्रयोग गरी यो "कार्यविधि" बनाई लागु गर्न वान्छनिय भएकोले बनाईएको छ । यो कार्यपालिकाबाट पारित भएको मितिबाट तुरुन्त लागु हुने छ ।

५. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :–

क) गाउँपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार योजना वा परियोजनालाई दिगो रुपमा सञ्चालन गर्नु,

ख) उपभोक्ता समिति, संरक्षण समिति तथा गाउँपालिकालाई पूर्वाधार योजना वा परियोजनाको सञ्चालन तथा मर्मत सम्भारमा जवाफदेही वनाउनु,

ग) गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी तथा गैर नाफामूलक संघ संस्था वा अन्य सामुदायिक संस्थाहरुलाई पूर्वाधार योजना वा परियोजना सम्वन्धि क्रियाकलापहरु सञ्चालन गर्दा पूर्ण जिम्मेवार बनाउनु,

घ) योजना वा परियोजनाबाट लाभग्राहीहरुले दीर्घकाल सम्म लाभ र सेवा प्राप्त गर्न सक्ने अवस्था श्रृजना गर्नु,

ङ) गाउँपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार योजना वा परियोजनाहरुको बार्षिक रुपमा विस्तृत विवरण (Inventory) अध्यावधिक गरी मर्मत सम्भार सम्बन्धि योजना तर्जुमामा सहयोग पुर्‍याउनु ,

च) पूर्वाधार योजना वा परियोजनाहरुको योजनाबद्ध र नियमित रुपमा मर्मत सम्भारका कार्यहरु गर्नु गराउनु ।

६. **पूर्वाधार आयोजनाको वर्गिकरण** : (१) पूर्वाधार योजना वा परियोजनाको वर्गिकरण देहाय बमोजिम हुनेछ

क. **सामुदायिक पूर्वाधार** : निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका ( जस्तै खानेपानी, सिंचाई, लघु जलविद्युत, उच्च घर आदि) योजना वा परियोजनाहरु,

ख. **सार्वजनिक पूर्वाधार** : निश्चित उपभोक्ता मात्र नभई ठुलो सँख्यामा उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका (जस्तै ग्रामिण तथा कृषि सडकहरु, झोलुङ्गे तथा ट्रेयल पुल, कल्भर्ट आदि ) योजना वा परियोजनाहरु र

ग. **मिश्रित प्रकृतिका** : (नीजि, सामुदायिक र सार्वजनिक) पूर्वाधार योजना वा परियोजनाहरु जसबाट निजी सम्पत्तिहरु संरक्षण गर्ने, बाढी नियन्त्रण गर्ने आयोजनाहरु जस्तै जैविक तथा तारजालीयुक्त तटबन्ध, पहिरो नियन्त्रण गर्न सञ्चालन गरिने) योजना वा परियोजनाहरु ।

७. **पूर्वाधार योजना वा परियोजनाको मर्मत सम्भार व्यवस्थापन समितिको गठन तथा परिचालन सम्बन्धि व्यवस्था**

(१) गाउँपालिका स्तरमा पूर्वाधार योजना वा परियोजनाहरुको अद्यावधिक विवरण तयार गर्न तथा पूर्वाधार योजना वा परियोजनाहरुको अवस्था विश्लेषण तथा प्राथमिकीकरण गरी मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्न, गराउन गाउँपालिका स्तरमा पूर्वाधार विकास समिति अर्न्तगत पूर्वाधार योजना वा परियोजना मर्मत सम्भार व्यवस्थापन समिति (स्थानीय सरकार संचालन ऐन-२०७४, परिच्छेद-३, दफा १४, उपदफा १) गठन गर्नु पर्नेछ । उक्त समितिमा कम्तिमा तेत्तीस प्रतिशत महिला र पूर्वाधार योजना वा परियोजना संचालन गर्ने विषयगत समितिको प्रतिनिधित्व समेत हुने गरी उक्त समितिमा देहाय बमोजिमको पदाधिकारीहरु रहने छ ।

१. गाउपालिका अध्यक्ष- संयोजक

२. गाउँपालिका उपाध्यक्ष - सह संयोजक

३. आर्थिक विकास समिति संयोजक - सदस्य

४. सामाजिक विकास समिति संयोजक - सदस्य

५. पुर्वाधार विकास समिति संयोजक - सदस्य

६. कार्यपालिका सदस्य (महिला) - सदस्य

७. कार्यपालिका सदस्य (दलित महिला) - सदस्य

८. प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

९. भौतिक पुर्वाधार शाखा प्रमुख - सदस्य

त्यसका साथै योजना वा परियोजना मर्मत सम्भार व्यवस्थापन समितिले आवश्यक महशुस गरेको अवस्थामा ५ सदस्यीय विषय विज्ञहरुको कार्यदल गठन गर्न सक्नेछ ।

(२) समितिको बैठक प्रत्येक तीन महिनाको एक पटक बस्नु पर्नेछ । तर आवश्यक परेमा जतिसुकै पटक पनि बैठक बस्न सक्नेछ ।

(३) समितिले गाउँपालिका मातहत रहेका दफा ६ बमोजिम वडा कार्यालयवाट मर्मत सम्भारको लागि पेश भएका पूर्वाधार योजना वा परियोजनाहरुको विवरण अनुसूचि १ बमोजिमको ढाँचामा प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले पहिलो चौमासिक भित्र अद्यावधिक गरी सम्भव भए सम्म भौगोलिक सूचना प्रणालीको प्रयोग गरी स्थान र अवस्था सहित नक्साङ्कन तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पूर्वाधार योजना वा परियोजनाहरुको विवरण अभिलेखिकरण गर्दा देहायको आधारमा तयार गर्नु पर्नेछ ।

(क) जनश्रमदान र सहयोगी निकायबाट गरी रु २,००,०००।०० वा सो भन्दा वढि लागतका योजना वा परियोजनाहरु,

(ख) कम्तिमा ५ वर्ष देखि चालु आर्थिक वर्ष सम्मका निर्माण कार्य सम्पन्न भएका योजना वा परियोजनाहरु, तर ग्रामिण तथा कृषि सडक, पुल तथा भवन, सिंचाई लगायतको पूर्वाधार योजना वा परियोजनाहरुको हकमा चालु अवस्थाका वा आंशिक मर्मत गर्दा सञ्चालनमा आउन सक्ने अवस्थामा रहेका योजना वा परियोजना पुरानो भए पनि अभिलेखिकरण गरिने छ ।

(५) समितिले गाउँपालिका मातहतका पूर्वाधार योजना वा परियोजनाहरुको अवस्था विश्लेषण गरी सम्बन्धित विषयगत समितिमा पेश गर्ने छ । विषयगत समितिले आफ्नो विषयगत क्षेत्र भित्रका योजनाहरुलाई भौगोलिक सूचना प्रणाली मा नक्साङ्कनको लागि आवश्यक प्रवन्ध मिलाउने छ ।

(६) कार्यपालिकाले आफ्नो कार्यक्षेत्र अर्न्तगत मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार योजना वा परियोजनाहरुको प्राथमिकीकरणको लागि निश्चित मापदण्डहरु निर्धारण गरी त्यस्तो मापदण्डको आधारमा उपसमितिले मर्मत सम्भार गर्नुपर्ने योजना वा परियोजनाहरुको प्राथमिकीकरण गरी विषयगत समितिमा पेश गर्ने छ ।

(७) उपदफा (६) बमोजिम उपसमितिबाट पेश भएका पूर्वाधार योजना वा परियोजनाहरुलाई सम्बन्धित विषयगत समितिले अध्ययन गरी बार्षिक रुपमा मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार योजना वा परियोजनाहरुको प्राथमिकता सहितको विवरण कार्यपालिकाको बैठकमा पेश गर्नेछ ।

(८) कार्यपालिकाले मर्मत सम्भार गर्नुपर्ने योजना वा परियोजनाहरु छनौट गर्दा सम्बन्धित विषयगत समितिले मर्मत सम्भारको लागि प्राथमिकता सहित पेश गरेका योजना वा परियोजनाहरुलाई आधार मानी क्रमश: कार्यान्वयन गर्नेछ ।

तर दफा (८) बमोजिम उपभोक्ता वा संरक्षण समितिको कोषमा रकम गाउँपालिकाबाट हस्तान्तरण गर्नु पुर्व उपभोक्ता वा संरक्षण समितिले अनुसुचि ४ बमोजिमको ढाँचामा पूर्वाधार योजना वा परियोजनाको मर्मत सम्भार कोष संचालन तथा परिचालन कार्यविधि तयार गर्नु पर्नेछ ।

(९) विपद् परी प्राथमिकता सूचिमा रहेको भन्दा अन्य योजना वा परियोजनाहरुको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा कार्यपालिकाको निर्णय अनुसार विपद् व्यवस्थापन ऐन, २०७४ तथा विपद व्यवस्थापन कोष संचालन कार्यविधिले तोकेको प्रक्रिया अनुसार योजना वा परियोजनाहरुको मर्मत सम्भार कार्य गर्नु पर्नेछ ।

(१०)विपद्‌को अवस्थामा बाहेक अन्य अवस्थामा गाउँपालिकाले पूर्वाधार योजना वा परियोजनाहरुको मर्मत सम्भारको लागि बजेट विनियोजन गर्नु पर्ने भएमा त्यस्ता योजना वा परियोजनाहरुलाई योजना तर्जुमा प्रक्रियामा समावेश गर्नु पर्नेछ ।

(११) निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार योजना वा परियोजनाहरु न्युन गुणस्तरको निर्माणको कारणबाट पूर्ण वा आंशिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले निश्चित अवधिसम्मको लागि त्यस्ता योजना वा परियोजनाहरुको मर्मत सम्भार वा पुन: निर्माण कार्य सो योजना वा परियोजनाको निर्माण गर्ने निर्माण व्यवसायीबाट नै खर्च व्यहोर्ने गरी आवश्यक निर्णय गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार योजना वा परियोजनाहरु न्युन गुणस्तरको कारण बाहेक अन्य कारणबाट पूर्ण वा आंशिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले त्यस्ता योजना वा परियोजनाहरुको मर्मत सम्भार वा पुन: निर्माणको लागि आवश्यक अन्य उपयुक्त व्यवस्था गर्नु पर्नेछ ।

(१३) धेरै पुराना वा जिर्ण अवस्थाका पूर्वाधार योजना वा परियोजनाहरु मर्मत सम्भार गर्नु पर्ने भएमा पहिलो पटकको लागि मर्मत सम्भार कार्यक्रम अर्न्तगत समावेश गरिने छैन । यस्ता पूर्वाधार योजना वा परियोजनाहरुको मर्मत सम्भार कार्य नयाँ योजना सञ्चालनको प्रक्रिया अनुसार नै हुनेछ ।

८. **पूर्वाधार योजना वा परियोजनाको जिम्मेवारी हस्तान्तरण** : (१) उपभोक्ता समिति मार्फत निर्माण सञ्चालन भई सम्पन्न भएका पूर्वाधार योजना वा परियोजनाहरुको हकमा कार्यपालिकाले त्यस्ता योजना वा परियोजनाहरुको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी अनसूचि २ बमोजिमको ढाँचामा पूर्वाधार योजना वा परियोजना हस्तान्तरणको प्रमाण पत्र दिनु पर्नेछ ।

(२) निर्माण व्यवसायी मार्फत निर्माण भई सम्पन्न भएका सामुदायिक पूर्वाधार योजना वा परियोजनाहरुको हकमा कार्यपालिकाले योजना वा परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरु मध्येबाट सो योजना वा परियोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि संरक्षण समिति गठन गरी सो समितिलाई पूर्वाधार योजना वा परियोजनाको हस्तान्तरणको प्रमाण पत्र दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पूर्वाधार योजना वा परियोजना हस्तान्तरण गर्दा कार्यपालिकाले त्यस्तो योजना वा परियोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि उपभोक्ता समिति वा संरक्षण समिति, वडा कार्यालय र गाउँपालिका एवं अन्य सहयोगी निकायको जिम्मेवारी प्रष्टसँग उल्लेख गर्नु पर्नेछ ।

**९ मर्मत सम्भार सम्बन्धि सचेतना र क्षमता विकास :**

क) पूर्वाधार योजना वा परियोजनाको योजना तर्जुमाको प्रारम्भिक चरणदेखि नै यस कार्यविधि बमोजिम मर्मत सम्भार सम्वन्धमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

ख) मर्मत सम्भार सम्बन्धि सम्झौता पत्रमा उल्लेख भएका प्रावधानहरुलाई सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिहरुलाई अभिमुखीकरण गरी मर्मत सम्भार सम्बन्धि व्यवस्थाको लागि आवश्यक पहल गर्न उपभोक्ता वा संरक्षण समितिको क्षमतामा अभिवृद्धि सम्बन्धि कार्यक्रम गर्नु पर्नेछ ।

## परिच्छेद– ३

## पूर्वाधार योजना वा परियोजनाको मर्मत सम्भार कार्यको लागि अबलम्बन गरिने प्रक्रिया

१०. **सामुदायिक पूर्वाधार योजना वा परियोजनाहरु** : (१) निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका पूर्वाधार योजना वा परियोजनाहरु (जस्तै खानेपानी, सिँचाई, लघु जलविद्युत, उच्चघर आदि) उपभोक्ता समितिले निर्माण गरेको भए त्यस योजना वा परियोजनाको मर्मत सम्भार गर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(२) उपभोक्ता समितिको गठन तथा परिचालन स्थानीय तहको उपभोक्ता समिति गठन र परिचालन सम्बन्धि प्रचलित कार्यविधि बमोजिमको हुनेछ ।

(३) उपभोक्ता समितिबाट निर्माण भएका पूर्वाधार योजना वा परियोजनाहरुको मर्मत सम्भार कार्य उपभोक्ता समितिको क्षमताले सम्भव नभएमा गाउँपालिका वा अन्य निकायको सहयोग लिई सम्वन्धित उपभोक्ता समितिले योजना वा परियोजनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम योजना वा परियोजनाको मर्मत सम्भार गर्नुपर्ने भएमा सो सम्वन्धमा गाउँपालिकाले तोकेको प्रक्रिया पूरा गरी मर्मत सम्भार कार्य सम्पन्न गर्नु पर्नेछ ।

तर विपद्को कारणले पूर्वाधार योजना वा परियोजनाको क्षति भई पुन:निर्माण वा मर्मत सम्भार गर्नुपर्ने भएमा विपद् व्यवस्थापन सम्बन्धि प्रचलित संघीय कानुनमा तोकिए बमोजिम योजना वा परियोजनाको पुन: निर्माण वा मर्मत सम्भार गर्नु पर्नेछ ।

(५) निर्माण व्यवसायी मार्फत सञ्चालन भएको पूर्वाधार योजना वा परियोजनाको हकमा सो योजना वा परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताको अधिकतम सहभागीतामा सम्बन्धित योजना वा परियोजना स्थलमा आवश्यकता अनुसार संरक्षण समिति गठन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम संरक्षण समिति गठनको लागि समय, मिति, स्थान र विषय समेत स्पष्ट उल्लेख गरी कम्तिमा सात दिन अगावै सार्वजनिक रुपमा सम्बन्धित उपभोक्ताहरुलाई जानकारी गराउनु पर्नेछ ।

(७) संरक्षण समिति गठन गर्दा गाउँपालिका वा वडा कार्यालयले तोकेको प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

(८) योजना वा परियोजनाको दीर्घकालिन मर्मत सम्भार तथा व्यवस्थापनको लागि योजना वा परियोजनाको प्रकृति अनुसार स्थानीय मर्मत सम्भार कार्यकर्ता उपभोक्ता समिति/संरक्षण समितिले छनौट गरी योजना वा परियोजनाको शुरुवाति अवस्था देखि नै परिचालन गर्न सक्नेछ ।

(९) यस दफा बमोजिम पूर्वाधार योजना वा परियोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि गठन हुने उपभोक्ता वा संरक्षण समिति र गाउँपालिकाको काम कर्तव्य र अधिकार अनुसुचि ३ मा उल्लेख भए बमोजिमको हुनेछ ।

११. **सार्वजनिक पूर्वाधार योजना वा परियोजना :** (१) निश्चित उपभोक्ता मात्र नभई ठुलो सँख्यामा उपभोक्ताहरुले लाभ लिने प्रकृतिका योजना वा परियोजनाहरु (जस्तै ग्रामिण तथा कृषि सडकहरु, झोलुङ्गे तथा ट्रेयल पुल, कल्भर्ट आदि) तथा मिश्रीत प्रकृतिका पूर्वाधार योजना वा परियोजनाहरु उपभोक्ता समितिले निर्माण गरेको भएमा त्यस्तो योजना वा परियोजनाको मर्मत सम्भार गर्ने दायित्व पनि सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार योजना वा परियोजनाहरुको मर्मत सम्भार कार्य उपभोक्ता समितिको क्षमताले नपुग्ने भएमा उपभोक्ता समितिले गाउँपालिका वा अन्य निकायको सहयोग लिई सो योजना वा परियोजनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

तर विपद्को कारणले पूर्वाधार योजना वा परियोजनाको क्षति भई पुनःनिर्माण वा मर्मत सम्भार गर्नुपर्ने भएमा विपद् व्यवस्थापन सम्बन्धि प्रचलित संघीय कानुनमा तोकिए बमोजिम योजना वा परियोजनाको पुनः निर्माण वा मर्मत सम्भार कार्य गर्नु पर्नेछ ।

(३) यस दफामा उल्लेखित व्यवस्थाको अतिरिक्त सार्वजनिक वा मिश्रित प्रकृतिका पूर्वाधार योजना वा परियोजनाको मर्मत सम्भार सम्बन्धि अन्य प्रक्रिया दफा १० को उपदफा (५) देखि (९) सम्म मा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

## परिच्छेद –४

### मर्मत सम्भार कोष स्थापना तथा परिचालन

१२. मर्मत सम्भार कोषको स्थापना : (१) गाउँपालिका स्तरबाट सम्पन्न पूर्वाधार योजना वा परियोजनाहरुको नियमित मर्मत सम्भार गर्नको लागि आवश्यक श्रोतको संकलन तथा परिचालन गर्न गाउँपालिकामा मर्मत सम्भार कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका स्तरमा रहने कोषमा रहने रकमको संकलन तथा सो रकमको परिचालनका लागि गाउँपालिकाले स्थानीय संचित कोषको खाता रहेको बैंकमा मर्मत सम्भार कोष खाता सञ्चालन गरी त्यस अन्तर्गत राख्नुपर्नेछ।

वा ("सरकारी कारोबार निर्देशिका, २०७५" बमोजिम स्थानीय तहको सरकारी कारोबार सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धि परिच्छेद अनुसार ग–४ १ "स्थानीय तह विविध कोष खाता" अन्तर्गत राख्नु पर्नेछ।)

(३) कोषको प्रयोग तथा सञ्चालन गाउँपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम उपभोक्ता समिति/संरक्षण समिति स्तरमा रहने कोष सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिको निर्णय अनुसार सम्बन्धित गाउँपालिकाले तोकेको बैंक सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको नाममा राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको खाताको सञ्चालन सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिको अध्यक्ष, कोषाध्यक्ष र सम्बन्धित वडा कार्यालयको सचिवको संयुक्त दस्तखतबाट हुनेछ र खाता सञ्चालकहरु मध्ये अनिवार्य रुपमा कम्तीमा एक जना महिला हुनु पर्नेछ।

(६) गाउँपालिका र सो अर्न्तगतको वडा कार्यालयले निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माण गरिने पूर्वाधार योजना वा परियोजनाको लागि विनियोजित कुल बजेटको गाउँसभाले तोकेको २ प्रतिशत रकम मर्मत सम्भार कोषको लागि विनियोजन गर्नु पर्नेछ र सो रकम लगत अनुमानमा नै समावेश गरेको हुनु पर्नेछ।

(७) उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत सञ्चालन गरिने सामुदायिक पूर्वाधार योजना वा परियोजनाको मर्मत सम्भार वापत विनियोजित रकमको शत प्रतिशत बजेट योजना वा परियोजना सम्पन्न पश्चात योजना वा परियोजनाको मर्मत सम्भार तथा व्यवस्थापनको लागि गाउँपालिकाको मर्मत सम्भार कोषमा रहनेछ।

साथै सार्वजनिक पूर्वाधार योजना वा परियोजनाहरुमा मर्मत सम्भारको लागि विनियोजित रकम गाउँपालिकाको मर्मत सम्भार कोषमा नै राखिने छ।

(८) गाउँपालिकाले उपभोक्ता समिति वा संरक्षण समिति स्तरको मर्मत सम्भार कोषमा रकम हस्तान्तरण गर्नु पुर्व त्यस्तो समिति गाउँपालिकाको प्रचलित कानुन बमोजिम दर्ता भएको हुनु पर्नेछ।

(९) दफा (८) बमोजिम उपभोक्ता समिति वा सरक्षण समितिको मर्मत सम्भार कोषमा प्राप्त रकम मर्मत सम्भार कार्यमा खर्च गर्नुपरेमा विस्तृत विवरण सहित उपभोक्ता समिति वा संरक्षण समितिले निर्णय गर्न सक्नेछ। यदि उक्त रकम रु. २५,००० (अक्षेरुपी: पच्चिस हजार) भन्दा माथि भएको अवस्थामा उपभोक्ता समिति वा संरक्षण समितिले मर्मत सम्भार कार्यमा खर्च गर्नपर्दा अनिवार्य रुपमा प्राविधिक डिजाइन तथा लगत अनुमान गराई गाउँपालिकाबाट स्विकृत गराउनु पर्नेछ।

(१०) उपभोक्ता समिति वा संरक्षण समितिले दफा -९) बमोजिम गाउँपालिकाको स्वीकृती बिना खर्च गरेको पाईएमा गाउँपालिकाले समुहको बैंक खाता रोक्का गरी आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(११) अन्य कुनै निकायवाट मर्मत सम्भार कोष वापतको रकम गाउँपालिकामा प्राप्त हुन आएमा उक्त रकम गाउँपालिकाको मर्मत सम्भार कोषमा राख्नु पर्नेछ । साथै गाउँपालिकाले यस कोषको उचित कार्यन्वयनका लागी बीउँ पुजीका रुपमा बजेट उपलव्ध गर्न सक्नेछ ।

(१२) कोषमा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फिज नभई मर्मत सम्भार कोषमा नै रहने छ ।

१३. **मर्मत सम्भार कोषको रकम प्रयोग् गर्न नपाईने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न पाईने छैन :–

(१) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(२) नियमित रुपमा गरिने विकास निर्माण सम्वन्धि कार्यहरुको लागि खर्च गर्न

(३) कुनै किसिमको गोष्ठी, अन्तरक्रिया, वा सेमिनारमा भाग लिन वा संचालन गर्न तर पूर्वाधार आयोजनाको रेखदेखमा खटिने व्यक्तिको सीप अभिवृद्धि सम्बन्धि तालिममा सहभागी हुन लाग्ने खर्चको लागि यस वुँदाले बाधा पार्ने छैन ।

१४. **कोषको लेखा तथा लेखा परिक्षण** : कोषको लेखा तथा लेखा परिक्षण प्रचलित कानुनी व्यवस्था अनुसार हुनेछ । उपभोक्ता समिति वा संरक्षण समितिको हकमा कोषको लेखा तथा लेखा परिक्षण पलिकाले स्वीकृत गरेको उपभोक्ता समिति वा संरक्षण समितिको विधानमा उल्लेख गरे बमोजिम हुनेछ ।

## परिच्छेद– ५

## विविध

१५. **प्रतिवेदन सम्वन्धि व्यवस्था** : (१) उपभोक्ता समिति वा संरक्षण समितिले प्रत्येक महिना योजनाको वास्तविक अवस्था, कोषको आम्दानी तथा खर्चको विवरण प्रत्यक महिना सम्बन्धित वडा कार्यालय तथा पालिकामा प्रतिवेदन वुझाउनुपर्नेछ ।

१६. **अनुगमन सम्वन्धि व्यवस्था** : (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम मर्मत सम्भार कार्यको नियमित वा आकस्मिक रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिले गरेको मर्मत सम्भार तथा पूर्वाधार योजना वा परियोजनाहरुको व्यवस्थापन सम्बन्धि कार्यको नियमित अनुगमन गाउँपालिका तथा वडा कार्यालयबाट हुनेछ ।

(३) अनुगमन तथा नियमित प्रतिवेदनको आधारमा पालिकाले उक्त विवरणमा कैफियत महशुस गरेमा छानबिन गरि आवश्यक कारवाही गर्न सक्नेछ ।

१७. **बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१८. **कार्यविधिको संशोधन तथा परिमार्जन** : कायपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

१९. **अनुसुचिमा हेरफेर तथा थपघट** : कार्यपालिकाले अनुसुचिमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

२०. यस कार्यविधिमा भएका प्रावधानहरु प्रचलित कानुनी व्यवस्थासँग बाझिएको हद सम्म स्वतः अमान्य भएको हुनेछ ।

## अनुसूचि १

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

### सिंजा गाउँपालिका, जुम्ला जिल्ला

### पूर्वाधार योजना वा परियोजनाहरुको लगत (विस्तृत विवरण)

योजना वा परियोजनाको विवरण अद्यावधिक गरिएका साल र महिना

| | योजना वा वा परियोजनाको नाम (कोड नं) | वडा नं | टोल | जि पि एस | | अनुमानित लागत | शुरु भएको साल | सम्पन्न भएको साल | हालको अवस्था (कुनै एकमा चिन्ह लगाउने) | | | | लाभान्वित घरधुरी | उपभोक्ता / संरक्षण समितिको कुनै एक पदाधिकारीको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अक्षांस | देशान्तर | | | | राम्रो अवस्था ( मर्मत गर्न नपर्ने) | चालु हालतमा तर सामान्य मर्मत गर्नुपर्ने | चालू हालतमा तर जिर्ण अवस्थामा | पुन निर्माण गर्नुपर्ने अवस्था | | नाम | सम्पर्क नम्बर | |
| १ | खानेपानी योजना | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| २ | सिंचाई योजना | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | कृषि तथा ग्रामिण सडक ( स्थानीय तहवाट निर्माण भएको) | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| ४ | अन्य | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

अनुसूचि २

(कार्यविधिको दफा ८ को उपदफा (१) र (२)संग सम्बन्धित)

सिंजा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुम्ला

कर्णाली प्रदेश, नेपाल

...................... योजना

हस्तान्तरण प्रमाण – पत्र

सिंजा गाउँपालिका र ................. उपभोक्ता समिति सिंजा गाउँपालिका वडा नं ........ बीच ...... मितिमा .......................... योजना वा परियोजना निर्माण तथा कार्यान्वयन गर्न सम्झौता भए बमोजिम उक्त योजना वा परियोजनाको निर्माण कार्य सम्पन्न भएकोले सो योजनाको दिगो संचालन, रेखदेख तथा मर्मत सम्भार समेतको जिम्मेवारी .......... उपभोक्ता समितिले लिने गरी आज मिति .................. का दिन ......................... योजना वा परियोजना ............... ........ उपभोक्ता समिति कनकासुन्दरी गाउँपालिका ..... वडा लाई हस्तान्तरण गरिएको छ ।

| गाउँपालिकाको तर्फबाट | वडा कार्यालयको तर्फबाट | उपभोक्ता समितिको तर्फबाट |
|---|---|---|
| नाम : | नाम: | नाम: |
| पद | पद : | पद : |
| ठेगाना: | ठेगाना : | ठेगाना : |
| मिति: | मिति: | मिति: |

नोट : योजना वा परियोजना विशेषको लागि सम्बन्धित सहयोगी निकायको पनि हस्तान्तरण पत्रमा समावेश गर्न सकिने छ ।

## गाउँपालिकाको भुमिका

- उपभोक्ता समिति वा संरक्षण समितिसँग योजना वा परियोजनाको शुरुआति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने
- उपभोक्ता समिति वा संरक्षण समितिलाई योजना वा परियोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना स्थपना तथा परिचालनमा सहजीकरण गर्ने
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र योजना वा परियोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने
- निर्माण व्यवसायी मार्फत संचालन भएका योजना वा परियोजना न्युन गुणस्तरको कारणले आंशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउने
- योजना वा परियोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने
- योजना वा परियोजनाको प्रकृति अनुसार सम्भव भए सम्म बिमाको लागि समन्वय तथा सहजीकरण गर्ने
- विपद परी योजना वा परियोजना मर्मत सम्भार

## वडा कार्यालयको भुमिका

- उपभोक्ता समिति वा संरक्षण समितिसँग योजना वा परियोजनाको शुरुआति चरण देखि छलफल गरी योजना वा परियोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने
- उपभोक्ता समिति वा संरक्षण समितिलाई योजना वा परियोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना स्थपना तथा परिचालनमा सहजीकरण गर्ने
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र योजना वा परियोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने
- निर्माण व्यवसायी मार्फत संचालन भएका योजना वा परियोजना न्युन गुणस्तरको कारणले आंशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउन सहजीकरण गर्ने
- योजना वा परियोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने
- योजना वा परियोजनाको प्रकृति अनुसार सम्भव भए सम्म बिमाको लागि सहजीकरण गर्ने
- विपद परी योजना वा परियोजना मर्मत सम्भार गर्नुपर्ने

## उपभोक्ता समितिको भुमिका

- योजना वा परियोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाउने
- योजना वा परियोजनाको मर्मत सम्भारको लागि पुर्ण जिम्मेवार हुने
- मर्मत सम्भार कोष स्थापना तथा परिचालनको लागि आवश्यक व्यवस्था गर्ने
- उपभोक्ता समितिको क्षमताले योजना वा परियोजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा मात्र आयोजना मर्मत सम्भारको लागि नगरपालिका तथा वडा कार्यालयबाट सहयोगको लिने
- योजना वा परियोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पुर्वाधार आयोजनाको बिमा गर्ने
- मर्मत सम्भार कोषको प्रचलित कानुन अनुसार लेखा परिक्षण गराउने
- पुर्वाधार योजना वा परियोजना मर्मत सम्भार कार्यविधिमा भएको प्रावधान अनुसार अन्य कार्यगर्ने

## अनुसूचि ३

(दफा १० को उपदफा -९) संग सम्बन्धित)

सिंजा गाउँपालिका,

जुम्ला जिल्ला

### १. उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तव्य र अधिकार

उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तब्य अधिकार देहाय बमोजिको हुनेछ ।

क) पूर्वाधार योजना वा परियोजनाको कार्यान्वयन प्रक्रियाको जानकारी लिई उपभोक्ता वा संरक्षण समुहका सदस्यहरुलाई जानकारी प्रदान गर्ने

ख) योजना वा परियोजना कार्यान्वयनको अवधि, कार्ययोजना तथा डिजाईन बारे नगरपालिका र निर्माण व्यवसायीसँग जानकारी लिई लाभग्राहिहरुलाई जानकारी प्रदान गर्ने

ग) गाउँपालिका र निर्माण व्यवसायीले योजना वा परियोजना कार्यान्वन प्रक्रिया तथा मर्मत सम्भार कोषको व्यवस्थापनको लागि आव्हान वा आयोजना गरेको कार्यक्रममा सहभागी भई आवश्यक सहयोग गर्ने

घ) समितिका पदाधिकारीहरुको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने । साथै आवश्यक परेका समितिका सदस्यहको क्षमता विकास गर्ने ।

ङ) योजना वा परियोजना कार्यान्वयनको क्रममा गुण स्तर कायम भए नभएको अनुगमन गरी आवश्यक परेमा गाउँपालिकामा जानकारी प्रदान गर्ने ।

च) योजना वा परियोजना कार्यान्वयनको क्रममा मापदण्ड अनुसारको गुणस्तर नपाईएमा निर्माण व्यवसायीलाई गुणस्तर कायम गर्नको लागि अनुरोध गर्ने ।

छ) वारम्बार अनुरोध गर्दा पनि निर्माण व्यवसायीवाट मापदण्ड अनुसारको गुणस्तर कायम नभएमा गाउँपालिका वा अन्य सम्बन्धित निकायमा जानकारी गराउने ।

ज) मर्मत सम्भार कार्यका लागि  योजना वा परियोजना मर्मत सम्वन्धी विशेष सिपको आवश्यक परेमा सो को आवश्यक व्यवस्था गर्न पहल गर्ने

झ) मर्मत सम्भार कोष स्थापना तथा परिचालन सम्वन्धी समय सापेक्ष नियम तर्जुमा गरी आम भेलाकोवाट सम्भव भए सम्म आम सहमति, आम सहमति हुन नसकेका वहुमत सदस्यहरुवाट स्विकृत गराई कार्यान्वयन गर्ने ।

ञ) लाभग्राहीहरुवाट संकलन गर्ने सेवा सुल्कको निर्धारण उपभोक्ताहरुको आमभेलाबाट निर्णय गरी शुल्क निर्धारण गरी कार्यान्वयन गर्ने ।

ट) आम्दानी खर्चको हिसाव किताव चुस्त दुरुस्त राख्ने र प्रचलित कानुन अनुसार लेखापरिक्षण, सार्वजनिक लेखा परिक्षण गरी पारदर्शिता कायम गर्ने ।

ठ) उपभोक्ता समिति वा संरक्षण समितिमा योजना वा परियोजना हस्तान्तरण पश्चात उक्त योजना वा परियोजनाको मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समिति वा संरक्षण समितिको हुने भएकोले सो को लागि शुरु देखि नै श्रोत तथा सिपको लागि आवश्यक व्यवस्थ ।गर्ने

डा) कुनै विशेष कारणवस योजना विग्रन गई उपभोक्ता वा संरक्षण समितिको एकल प्रयासले मात्र योजना वा परियोजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा गाउँपालिका वा अन्य सरोकार निकायहरुसँग समन्वय र सहकार्य गरी योजना वा परियोजनाको मर्मत सम्भार कार्यको लागि पहल गर्ने ।

ढ) मर्मत सम्भारको लागि नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गर्नुपर्ने अवस्थामा सो को लागि समयमा नै पहल गरी योजना तर्जूमा प्रक्रियामा समावेश गर्न पहल गर्ने ।

ण) योजना वा परियोजनाको नियमित रेखदेख गर्ने

त) योजना वा परियोजनामा मर्मत तथा सम्भारको लागि विना वजेट गर्न सकिने सरसफाइ तथा सानोनितो मर्मत गरी आयोजना संचालन गर्ने

थ) योजना वा परियोजनाको प्रकृति अनुसार योजना सम्पन्न पश्चात उक्त योजना वा परियोजनाको रेखदेख तथा मर्मत सम्भारको लागि स्थानी स्तरमा उपभोक्ता समुहको निर्णय अनुसार मर्मत सम्भार कार्यकर्ता (Operater) छनौट गरी उपभोक्ता वा निर्माण व्यवसायी सँगको सहकार्यमा सम्वद्ध आयोजनामा परिचालन गर्ने

द) योजना वा परियोजनामा कुनै समस्या भएमा गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा जानकारी दिने

थ) योजना वा परियोजनाको प्रकृति अनुसार पुर्वाधार योजना वा परियोजनाको विमा गर्ने

ध) अन्य उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधिमा उल्लेख भए वमोजिमको हुनेछ ।

२. गाउँपालिकाको काम कर्तब्य र अधिकार

क) निर्माण व्यवसायी मार्फत आयोजना संचालन हुने स्थानीय समुदायसँग छलफल गरी स्थानीय उपभोक्ताहरुको प्रतिनिधित्व हुने गरी उपभोक्ता समिति वा योजना वा परियोजना संरक्षण समिति गठन गर्न सहजीकरण गर्ने

ख) निर्माण व्यवसायी मार्फत पूर्वाधार आयोजना सञ्चालन गर्दा योजना वा परियोजना सञ्चालन प्रक्रिया, योजना वा परियोजनाको डिजाईन तथा लगत इष्टिमेटवारे स्थानीय उपभोक्ता वा संरक्षण समितिलाई कार्यक्रम कार्यान्वय पूर्व जानकारी दिने ।

ग) उपभोक्ता समिति वा संरक्षण समितिसँग योजना वा परियोजनाको शुरुआती चरण देखि नै छलफल गरी गुणस्तर कायम गर्नको लागि आवश्यक व्यवस्था मिलाउने

घ) योजना वा परियोजना सम्पन्न पश्चात योजना वा परियोजना उपभोक्ता वा संरक्षण समितिलाई हस्तान्तरण गर्ने बारे स्थानीय समितिलाई आश्वस्त पारी मर्मत सम्भार कोषको व्यवस्था बारे उपभोक्ता समिति वा संरक्षण समितिसंग छलफल गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई मर्मत संभार कोष स्थापना गर्नको लागि उत्प्रेरित गर्ने

ङ) उपभोक्ता वा संरक्षण समितिलाई कानुनी मान्यता प्रदान गर्नका लागि अवश्यक प्रक्रिया पुरा गर्न उत्प्रेरित गर्नुका साथै सहजीकरण गर्ने

च) योजना वा परियोजना हस्तान्तरण पश्चात योजना वा परियोजनाको मर्मत सम्भार गर्ने व्यवस्था उपभोक्ता वा संरक्षण समितिको हुने भएता पनि उपभोक्ता समितिको एकल प्रयासले सम्भव नहुने अवस्थामा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने

छ) गाउँपालिका भित्रका पूर्वाधार योजना वा परियोजनाको अद्यावधिक गरी अभिलेखिकरण गर्नुका साथै मर्मत सम्भार गर्नुपर्ने योजना वा परियोजनाहरुको प्राथमिकीकरण गरी वजेट विनियोजनको लागि आवश्यक प्रक्रिया मिलाउने

ज) निर्माण व्यवसायीसँग पूर्वाधार योजना वा परियोजना कार्यान्वयन गर्ने शिलशिलामा सम्झौता गर्दा योजना वा परियोजना हस्तान्तरण गरिएको १ वर्ष (सम्झौतामा तोकिएको अवधि) सम्म योजना वा परियोजनामा कुनै समस्या भएमा उक्त योजना वा परियोजनाको मर्मत सम्भार सम्वन्धीत निर्माण व्यवसायीले गर्नुपर्ने व्यवस्था उल्लेख गर्नेछ ।

झ) कुनै भवितव्य परि उपभोक्ता समिति वा संरक्षण समितिलाई हस्तान्तरण भएको योजना वा परियोजना अचानक मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा उक्त योजना वा परियोजनालाई उपभोक्ता समितिको एकल प्रयासले मर्मत सम्भार गर्न नसक्ने अवस्थामा कार्यपालिकाले निर्णय गरी नगरपालिकाले मर्मत सम्भार कार्यको लागि सहयोग गर्नेछ ।

ञ) तर योजना वा परियोजना निर्माण गर्ने क्रममा निर्माण व्यवसायीको लापरवाहिको कारणले गर्दा उक्त योजना वा परियोजना विग्रन गएको अवस्थामा भने उक्त योजना वा परियोजनाको मर्मत सम्भार गर्ने कार्य निर्माण व्यवसायीले गर्नुपर्नेछ ।

ट) उपभोक्ता समिति वा मर्मत समिति, आदिको योजना वा परियोजना मर्मत सम्भार तथा व्यवस्थापन सम्वन्धी आवश्यक क्षमता अभिवृद्धि गर्ने

ठ) आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पूर्वाधार योजना वा परियोजनाको विमाको लागि समन्वय तथा सहजीकरण गर्ने ।

ड) समय समयमा हस्तान्तरित योजना वा परियोजनाहरुको अनुगमन तथा मुल्यॉकन गरी उत्कृष्ठ उपभोक्ता समिति वा संरक्षण समितिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्ने ।

## अनुसूचि ४

## उपभोक्ता समितिको तहमा रहने मर्मत सम्भार कोष संकलन तथा परिचालन नमुना कार्यविधि, २०८०

### १. भूमिका

सिंजा गाउँपालिका वडा नं ...... मा निर्माणको क्रममा रहेको वा निर्माण सम्पन्न भई सकेको ................ सामुदायिक पूर्वाधार योजना वा परियोजना ( जस्तै खानेपानी, साना सिचाई, उच्चघर आदि) लाई दिगो रुपमा सञ्चालन गर्न र सो योजना वा परियोजनावाट प्राप्त हुने लाभलाई निरन्तर रुपमा हासिल गर्नका लागि ...........................उपभोक्ता समिति वा संरक्षण समिति तहमा मर्मत सम्भारको कार्य गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले गाउँपालिका स्तरको स्थानीय पूर्वाधार आयोजना मर्मत सम्भार सम्बन्धि कार्यविधि **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १२ र १५**/ उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि (नमुना) पालिका अनुसार परिमार्जित को परिच्छेद ३ का बुँदा १२ (ग) र १७ (२) भित्र रही देहाय बमोजिमको कार्यविधि वनाई लागु गरेको छ ।

२. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम **उपभोक्ता समितिको तहमा रहने मर्मत सम्भार कोष संकलन तथा परिचालन कार्यविधि २०८०** रहेको छ । यो कार्यविधि कार्यसमितिको सिफारिसमा सम्बन्धित पालिकाले स्वीकृत गरे पछि तुरुन्त लागु हुनेछ ।

३. कार्यविधिको मुख्य उदेश्य : यस कार्यविधिको उद्देश्य देहय बमोजिम रहेको छ :–

क. स्थानीय पूवाधार योजना वा परियोजनालाइ दिगो रुपमा सञ्चालन गर्नु ।

ख. योजना वा परियोजना सञ्चालन तथा मर्मत सम्भारमा उपभोक्ता समितिलाई जवाफदेहि वा जिम्मेवारी वनाउनु ।

ग. योजना वा परियोजनाबाट उपभोक्ताहरुले दिर्घकाल सम्म लाभ र सेवा प्राप्त गर्न सक्ने अवस्था श्रृजना गर्नु ।

घ. नियमित रुपमा मर्मत सम्भारका कार्यहरु गर्न गराउनु ।

### ४. स्थानीय पूर्वाधार आयोजना मर्मत सम्भार कार्य सँचालन प्रक्रिया

(१) उपभोक्त समितिले योजना वा परियोजनाको मर्मत सम्भार तथा व्यवस्थापनको लागि समितको एक जना सदस्यलाई जिम्मेवारी तोकि आयोजना निर्माणको शुरुवाती चरण देखि नै योजना वा परियोजनाको निर्माण कार्यमा संलग्न गरि परिचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको व्यक्तिलाई योजना वा परियोजना निर्माणको समय देखि सम्पन्न पश्चात सम्म आयोजनाको संरक्षण, व्यवस्थापन, रेखदेख तथा मर्मत सम्भारको लागि परिचालन गर्नु पर्नेछ ।

(३) स्थानीय पूर्वाधार योजना वा परियोजनाको संरक्षण, व्यवस्थान, रेखदेख तथा मर्मत सम्भारको सम्पुर्ण जिम्मेवारी उपभोक्ता समितिको हुनेछ ।

(४) स्थानीय पूर्वाधार योजना वा परियोजनाको मर्मत सम्भारको सम्पुर्ण दायित्व उभोक्ता समिति वा संरक्षण समितिको हुनेछ ।

(५) उपदफा (४) बमोजिम योजना वा परियोजनाको मर्मत सम्भार गर्ने पुर्ण दायित्व उपभोक्ता समिति वा संरक्षण समितिको भएता पनि उपभोक्ता समिति वा संरक्षण समितिको क्षमताले नसक्ने भएमा नगरपालिका वा अन्य निकायहरुको आर्थिक तथा प्राविधक सहयोगमा उपभोक्ता समितिले योजना वा परियोजनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद परी योजना वा परियोजनाको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा सो को जानकारी नगरपालिकलाई गराई संघीय कानुन अनुसार योजना वा परियोजनाको मर्मत सम्भारको लागि पहल गरिने छ ।

५. **मर्मत सम्भार कोष स्थापना तथा परिचालन :** (१) योजना वा परियोजनाको नियमीत मर्मत सम्भार गर्नको लागि आवश्यक श्रोत संकलन तथा परिचालन गर्न उपभोक्ता समिति वा संरक्षण समिति स्तरमा मर्मत सम्भार कोष रहने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति संरक्षण समिति स्तरमा रहने कोष सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको निर्णय अनुसार सम्वन्धित नगरपालिकाले तोकेको बैंक वा वित्तीय संस्थामा सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको नाममा राख्नु पर्नेछ

(३) उपदफा (२) बमोजिमको खाताको सञ्चालन सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतवाट हुनेछ र खाता सञ्चालकहरुमध्ये अनिवार्य रुपमा कम्तीमा एक जना महिला हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको लागि देहाय बमोजिमको श्रोतहुन सक्नेछ ।

(क) उपभोक्ता समुह सदस्यहरुवाट मासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा ............ दरले सेवा शुल्क बापत उठाएको रकम,

(ख) पालिकाले उपलब्ध गराएको मर्मत सम्भार कोष वापतको रकम,

(ग) आय आर्जन क्रियाकलाप संचालनको लागि लगानी गर्दा प्राप्त हुने रकम

(घ) विकास साझेदार, स्थानीय सघ संस्था, सरकारी निकाय वा अन्य कुनै व्यक्तिवाट निकायहरुवाट वैधानिक रुपमा प्राप्त गरेको रकम

(५) दफा (४) बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिको मर्मत सम्भार कोषमा प्राप्त रकम मर्मत सम्भार कार्यमा खर्च गर्नुपूर्व उपभोक्ता समितिले मर्मत सम्भार कार्यको विस्तृत विवरण सहितको योजना वा परियोजना नगरपालिकावाट स्विकृत गराउनु पर्नेछ ।

(६) उपभोक्ता समिति वा संरक्षण समितिले नगरपालिकाको मर्मत सम्भार कार्यविधिले तोके भन्दा बढी रकम मर्मत सम्भार कार्यको लागि खर्च गर्नु परेमा नगरपालिका वा वडा कार्यालयवाट अनिवार्य रुपमा प्राविधिक डिजाईन तथा लगत अनुमान गराई सो स्विकृत लगत अनुमान अनुसार मर्मत सम्भार कार्य गर्नुपर्ने छ ।

६. **मर्मत सम्भार कोष प्रयोग गर्न नपाईने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा जम्मा भएको रकम प्रयोग गर्न पाईने छैन

(१) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न

(२) कुनै किसिमको गोष्ठी, अर्न्तक्रिया, क्षमता विकास वा वा सेमिनारमा भाग लिन तर स्थानिय पुर्वाधार योजना वा परियोजनाको रेखदखमा खटिने व्यक्तिको आयोजनासँग सम्वन्धित सीप विकासको लागि यस बुँदाले बाधा पार्ने छैन ।

७. **कोषको लेखा तथा लेखा परिक्षण** : कोषको लेखा तथा लेखा परिक्षण मान्यता प्राप्त स्वतन्त्र लेखा परिक्षक मार्फत गराउनुपर्नेछ ।

८ **अनुगमन सम्वन्धि व्यवस्था** : (१) उपभोक्ता वा संरक्षण समितिले यस कार्यविधि बमोजिम मर्मत सम्भार कार्यको नियमित वा आकस्मिक रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिले गरेको मर्मत सम्भार तथा पूर्वाधार योजना वा परियोजनाको व्यवस्थापन सम्वन्धी कार्यको नियमित अनुगमन नगरपालिका तथा वडा कार्यालयवाट हुनेछ ।

९. **कार्यविधिको संसोधन तथा परिमार्जन**

नगरपालिकाको मर्मत सम्भार कार्यविधिसँग नबाँझिने गरी उपभोक्ता समिति वा संरक्षण समितिको बहुमतको निर्णय अनुसार यस कार्यविधि संसोधन तथा परिमार्जन हुन सक्नेछ ।